श्री सुचना अधिकारी श्री सुचना प्रविधि शाखा

## १३१ औं कार्यपालिका बैठकका निर्णयहरूः

मिति : २०७९/०५/२३ गते

**निर्णय नं. १:** १३० औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

**निर्णय नं. २:** यस आर्थिक बर्षमा आन्तरिक आय विज्ञापन कर, रोडसेवा शुल्क, पशु चौपाया निकासी पैठारीको ठेक्का आह्वान भई दोस्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै पनी बोलपत्रदाताबाट वोलपत्र पेश नभएकोले न्यूनतम कबोल अंक देहाय वमोजिम परिमार्जन गरी पुनः ठेक्का आह्वान गर्ने ।

| सि. नं. | आन्तरिक श्रोतको बिवरण | यस अघि कायम न्यूनतम कबोल अंक (भ्याट बाहेक) रू. | परिमार्जित न्यूनतम कवोल अंक (भ्याट बाहेक) रू. | कैफियत |
|---|---|---|---|---|
| १ | रोड शेष कर | ६,००,००० | ४,००,००० | |
| २ | विज्ञापन कर | २,००,००० | १,००,००० | |
| ३ | पशु-चौपाया निकासी पैठारी कर | ५०,००० | ३०,००० | |

**निर्णय नं. ३:** प्रदेश /संघ समपुरक तथा तराई मधेस समृद्धि कार्यक्रमबाट यस नगरपालिकामा प्राप्त योजनाहरूमा देहायबमोजिम लागत साझेदारी गरी ठेक्का आह्वान गर्ने ।

| सि. नं. | योजनाको नाम | प्राप्त रकम (रू.) | साझेदारी गर्ने रकम (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | नगर उद्यान निर्माण | ४१,००,००० | ४१,००,००० | संघ समपुरक |
| २ | वडा नं. २ मा खानेपानी योजना निर्माण | ७०,००,००० | ७०,००,००० | संघ समपुरक |
| ३ | बन्शाह कभर्डहल निर्माण वडा नं. १ वन्शाह | ३४,००,००० | ३४,००,०० | प्रदेश समपुरक |
| ४ | वडा नं. ९ असिग्राम स्वास्थ्य चौकी भवन निर्माण | ३५,००,००० | १५,००,००० | तराई मधेस समृद्धि कार्यक्रम |
| ५ | वडा नं. ७ अधुरो पितामम्बर | ३५,००,००० | १५,००,००० | तराई मधेस |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
|  | स्वास्थ्य चौकी भवन निर्माण |  |  | समृद्धि कार्यक्रम |

**निर्णय नं. ४:** नेपाल सरकारको सशर्त कार्यक्रम अन्तरगत नगरपालिकामा प्राप्त कृषि स्नातक करार र एक पालिका एक भेटेरिनरी डाक्टर शिर्षकमा प्राप्त बजेट तथा स्थानीय तहमा कृषि स्नातक प्रविधिक परिचालन कार्यविधि, २०७९ को सिमा भित्र रहि कृषि स्नातक (अधिकृत छैठौं) १ जना र पशु चिकित्सक (अधिकृत छैठौं) १ जना गरि २ जना कर्मचारी करारमा छनौट गर्ने ।

**निर्णय नं. ५:** यस नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई कार्यालय प्रयोजनको कामकाजमा प्रयोग गर्ने गरि मासिक रुपमा देहायको परिमाणमा ईन्धन (पेट्रोल) उपलब्ध गराउने।

क) प्राविधिक कर्मचारी- १५ लिटर
ख) शाखा प्रमुख- १० लिटर
ग) वडा सचिव- १० लिटर
घ) अन्य कर्मचारी- ५ लिटर

**निर्णय नं. ६:** यस आ. व. का लागि कभाड कर संकलन गर्नका ठेक्का प्रकृयाबाट श्री सोनुराज ट्रेड एण्ड सप्लायर्स छनौट भएकोमा उक्त सम्झौताको अवधि १ बर्ष सम्म कायम हुने गरि ठेक्का सम्झौता गर्ने ।

**निर्णय नं. ७:** नगरपालिका कार्यालयमा निशुल्क हटलाईन (टोल फ्रि नम्बर) सेवा संचालन गर्ने।

**निर्णय नं. ८:** झलारी स्वास्थ्य चौकीको भवनलाई अन्यत्र व्यबस्थापन गर्ने ।

**निर्णय नं. ९:** वडा नं. २ र वडा नं. ९ को स्वास्थ्य चौकी निर्माण स्थल वडा समितिको निर्णय बमोजिम स्थलगत अनुगमन गरि प्राविधिक प्रतिवेदन पेश गर्न नापी शाखालाई जिम्मेवारी दिने ।

**निर्णय नं. १०:** स्याली सुनबरा र वनहरा नदिमा प्रारम्भिक वातावरणिय परिक्षण अध्यावधिक गरि नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान, माटो, ग्राभेल) बिक्रि कर

निर्णय प्रमाणित
१२/२६
२०८१/१२/२६

१०% छुट दिने गरी ठेक्का प्रकृया अगाडी बढाउने । ठेक्काबाट प्रभावित क्षेत्रमा सडक मर्मत सम्भार, तटबन्ध लगायतका योजनाहरुमा प्रथमिकता दिईनेछ।

निर्णय नं. ११: वडा नं. ११ बसन्त सामुदायिक वनको अतिक्रमण प्रभावित क्षेत्रको नक्साङ्कन प्रतिवेदन प्रस्तुत गरियो।

निर्णय नं. १२: नगरपालिका अन्तरगतका विद्यालयहरुमा कार्यरत शिक्षक तथा शुक्लाफाँटा नगरपालिका तथा अन्तरगतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले कुनैपनि राजनीतिक दलको सदस्य हुन नपाउने व्यबस्था भएकाले राजनैतिक दलको सदस्यता त्याग गर्न र सामाजिक संजालमा कुनै पनि विषयमा नकारात्मक टिकाटिप्पणी तथा स्टेटस सार्वजनिक नगर्न/नगराउन आवश्यक निर्देशन दिने ।

निर्णय नं. १३: क्षेत्रीय शहरी विकास आयोजना अन्तरगत एसियाली विकास बैंकको अनुदानमा निर्मित नगरपालिकाको प्रशासकीय भवनको फर्निचर, कार्पेटिङ, एसी जडान, जेनेरेटर, सिसिटिभि लगायतका अन्य व्यवस्थापनका लागि क्षेत्रीय शहरी विकास आयोजना र एसियाली विकास बैंकलाई अनुरोध गर्ने।

निर्णय नं. १४: आ. व. २०७८/७९ मा सुरु भई पुरा हुन नसकेको एकीकृत वस्तुस्थिति विवरण तयारी कार्यक्रम संचालनका लागि आवश्यक रकम रु १२,८८,००० ।– समपुरक कोषबाट विनियोजन गर्ने ।

निर्णय नं. १५: शुनपा ७ मा हात्ति आक्रमणबाट मृत्यु भएकी श्री मिना कुमारी जोशीको परिवारलाई विपद व्यवस्थापन कोषबाट क्रिया खर्च स्वरुप रु ३०,००० ।– उपलब्ध गर्ने ।

निर्णय नं. १६: शुक्लाफाँटा नगरपालिकाको नविकरणिय उर्जा कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ५ बमोजिमको नगर उर्जा समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| क. | दान सिंह ऐर | - संयोजक |
| ख. | जगत राज जोशी | - सदस्य |
| ग. | लक्ष्मी महर | - सदस्य |
| घ. | चक्र बहादुर खड्का | - सदस्य |

ङ) कमला कामी - सदस्य

च) आन सिंह महरा - सदस्य

**निर्णय नं. १७:** वडा नं.१० का अध्यक्ष लाल बहादुर ऐरलाई नगर प्रवक्ता तोक्ने ।

**निर्णय नं. १८:** कोल्ड स्टोर र बसपार्क वडा नं. ११ मा र कभर्ड हल वडा नं. १०, झलारी मंचको पूर्व दक्षिण पट्टीको खेल मैदानमा निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउने।

**निर्णय नं. १९:** आर्थिक बर्ष २०७८/७९ को आन्तरिक लेखा परिक्षणका लागि कोष तथा लेखा नियन्त्रण कार्यालय, कंचनपुरलाई अनुरोध गर्ने ।

**निर्णय नं. २०:** यस नगरपालिकामा तपसिल बमोजिमा स्थानहरूमा झोलुङ्गे पुल तथा ट्रस पुल निर्माणका लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमलाई माग गर्ने।

क) वडा नं. ९ र ११ जोड्ने वडा नं. ९ को वडा कार्यालय दक्षिण सुनवरा नदिमा

ख) वडा नं. ७ र १० जोड्ने टोटी नदि बोहरा टोलमा नजिक ट्रस पुल निर्माण

ग) वडा नं. ११ चितौरा नाला मंजुको बिष्टको घर नजिक झोलुङ्गे पुल निर्माण

घ) वडा नं. १० खुसी चौधरीको घर पछाडी लालपनिया र बंजरीया जोड्ने स्थानमा झोलुङ्गे पुलमा निर्माण ।

ङ) वडा नं. ६ र १० जोड्ने टोटी नाला सुनवरा नदी तर्क राज भट्टको घर नजिक झोलुङ्गे पुल निर्माण

च) वडा नं. ४ र ५ जिड्ने बुढीनालामा झोलुङ्गे पुल निर्माण

**निर्णय नं. २१:** शुक्लाफाँटा नगरपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ३ उपदफा १ ग) र घ) बमोजिम देहायका पदाधिकारहरूलाई अनुगमन मूल्याङ्कन समितिको सदस्यमा मनोनित गर्ने ।

क) भोदुराम डगौरा- सदस्य

ख) शान्ति देवी ऐर- सदस्य

**निर्णय नं. २२:** शुक्लाफाँटा नगरपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि, २०७७ लाई संसोधन गर्ने प्रस्ताव स्विकृत गर्ने ।

निर्णय प्रमाणित

**निर्णय नं. २३:** भू उपयोग कार्यान्वयन समितिमा भू-उपयोग ऐन, २०७६ को दफा २० उपदफा (१) खण्ड घ बमोजिम देहायका सदस्यहरुलाई मनोनित गर्ने ।

क) मधु बोहरा- शुनपा ४

ख) नरेन्द्र बहादुर ~~बोहरा~~-शुनपा ९

ग) चक्र बहादुर साउद- शुनपा-६

घ) ईश्वरा कुंवर- शुनपा-१

**निर्णय नं. २४:** सडक बोर्ड नेपालसंग साझेदारीमा संचालित वडा नं. १ देखि १२ सम्म सडक मर्मत (ग्राभेल) निर्माण कार्य योजना ठेक्का नं. smp/2078/079/NCB/31 को लागि स्थानीय तहले व्यहोर्नु पर्ने ३० % रकम रू १०,००,००० समपुरक कोषबाट भूक्तानी गर्ने।

**निर्णय नं. २५:** आ.व.२०७८।०७९ को आ.वि.को म.ले.प.फा.नं २२१ मा उल्लेखित तपसिल बमोजिमका भुक्तानी दिन बाँकी रहेका योजना तथा कार्यक्रमहरुको आन्तरिक तथा बाह्य श्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि नं | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | श्रोत |
|---|---|---|---|---|---|
| १ | बहुक्षेत्रिय पोषण कार्यक्रम | भुक्तानी दिन बाँकी | करन सिँह धामी | ११०००० | बाह्य |
| | | भुक्तानी दिन बाँकी | करन सिँह बुढाऐर | ७०००० | |
| २ | ढाँणा देखि वडा कार्यालय हुँदै रामश्वर मन्दिर कालोपत्रे योजना वडा नं ४ ठेक्का नं १७ | भुक्तानी दिन बाँकी | राधाभानु निर्माण सेवा | २४७१५३७ | आन्तरिक |
| ३ | प्रगति टोल हुँदै वडा नं ५ जोड्ने सडक कालोपत्रे ठेक्का नं १५ | भुक्तानी दिन बाँकी | राधाभानु निर्माण सेवा | ११८९५२५.१७ | आन्तरिक |
| ४ | नगर अस्पत्ताल | भुक्तानी दिन बाँकी | एम के निरज जेभि | ६६९९३११४.२२ | बाह्य |
| ५ | आ.व. २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) | भुक्तानी दिन बाँकी | मध्यवर्ती युवा बाख्रा पालन समुह | २०२९९२.०० | आन्तरिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास कार्यक्रम निरन्तरता | | | | |
| ६ | वडा नं २ को वडा भवन निर्माण (ठेक्का नं २०७७/०७८-१३) | भुक्तानी दिन बाँकी | एल बी कन्स्ट्रक्सन | २५३८३७४.२७ | आन्तरिक |
| ७ | वडा नं ३ को वडा भवन निर्माण(ठेक्का नं २०७८/०७९-२२) | भुक्तानी दिन बाँकी | प्रतिक्षा निर्माण सेवा | १०१६१३५२.२१ | आन्तरिक |
| ८ | वडा नं ६ को वडा भवन निर्माण(ठेक्का नं २०७७/०७८-२९) | भुक्तानी दिन बाँकी | सानिया कन्सट्रक्सन | ७६८८४४९.४५ | आन्तरिक |
| ९ | वडा नं ९ को वडा भवन निर्माण(ठेक्का नं २०७७/०७८-१४) | भुक्तानी दिन बाँकी | जिके कन्सट्रक्सन | १३६१०७.४३ | आन्तरिक |
| १० | वडा नं. १० सडक मर्मत तथा ग्राभेल | भुक्तानी दिन बाँकी | देव दत्त पन्त | १०००००.०० | आन्तरिक |
| | जम्मा | | | ९२४६१४५२.१२ | |

निर्णय प्रमाणित
२०७८।१।२२